# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा

प.सं. २०७८/०७९ १ नं. प्रदेश नेपाल
च.नं. ३०३ मितिः २०७८/०५/१८

विषयः विद्यालय सञ्चालन सम्बन्धमा ।

श्री सामुदायिक तथा संस्थागत विद्यालयहरु,
सिद्धिचरण नगरपालिका, ओखलढुङ्गा ।

प्रस्तुत सम्बन्धमा मिति २०७८/०५/१७ गते यस नगरपालिकाका नगर प्रमुख श्री मोहन कुमार श्रेष्ठ ज्यू को अध्यक्षतामा बसेको यस नगरक्षेत्रभित्र सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरुको प्रधानाध्यापकहरु संगको बैठकबाट देहाय बमोजिमको निर्णय भएको हुँदा सोही अनुसार कार्यान्वयन गर्न गराउन हुन अनुरोध छ।

निर्णयहरु:

कोभिड १९ को महामारीको कारण विगत लामो समयदेखि शैक्षिक संस्थाहरु ठप्प रहेको अवस्थामा नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको च.नं. ५६ मिति २०७८/०५/१५ गतेको कार्ययोजना कार्यान्वयनमा समन्वय र सहजिकरण सम्बन्धी पत्र तथा कोभिड महामारीको अवस्थामा हुनसक्ने निषेधाज्ञाको प्रकृति अनुरुप शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग सम्बन्धित क्रियाकलापहरुको कार्यान्वयन सम्बन्धी कार्ययोजनाले लकडाउनको प्रकृति अनुरुप शैक्षिक कार्यक्रम सञ्चालन गर्न निर्देशन भइ आएको तथा यस नगरक्षेत्रमा हाल संक्रमणको दर न्युन देखिएकोले स्वास्थ्य सुरक्षाको मापदण्ड अपनाइ मिति २०७८/०५/२० गतेबाट भौतिक उपस्थितिमा तपसिल बमोजिम शैक्षिक संस्थाहरु सञ्चालन गर्ने निर्णय गरियो।

तपसिल:

१. आधारभूत तह (कक्षा १-५) सम्म सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरुले नियमित पठनपाठन सञ्चालन गर्ने।

२. आधारभूत तह (कक्षा १-८), माध्यमिक तह सञ्चालनमा रहेका सामुदायिक र सम्पुर्ण संस्थागत विद्यालयहरुले विद्यार्थी संख्यालाई मध्येनजर गरी जोर बिजोर प्रणाली वा आलोपालो दिनमा कक्षा सञ्चालन गरी पठनपाठन गर्ने।

३. विद्यालय विहान १० बजेदेखि दिउँसो ३ बजेसम्म सञ्चालन गर्ने।

४. नगरक्षेत्र बाहिर रहेका शिक्षकहरुलाइ सम्बन्धित विद्यालयमार्फत यथाशिघ्र आफ्नो कार्यक्षेत्रमा आउन निर्देशन दिने।

२०७८/०५/१८
प्रवीण कोइराला
प्रमुख प्रशासकीय अधिकृत